माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhimun.gov.np

चलानी नं. :
पत्र संख्या :

## सूचना नं.: ०२-०८३/८४

## औषधी उपचार खर्च सुबिधा नवीकरण गर्ने बारेको सूचना।

सूचना प्रकाशित मितिः २०८३/०४/०१ गते

प्रस्तुत बिषयमा नेपाल सरकारबाट जारी गरिएको" **मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधी** २०७८ "को दफा ६ बमोजिम हरेक आर्थिक बर्षको शुरुमा सम्बन्धित वडा कार्यालयले लाभग्राहीहरुको नवीकरण गर्नुपर्ने व्यवस्था भएकोले सम्बन्धित वडा कार्यालयमा मिति २०८३ श्रावण मसान्त भित्र आवश्यक कागजात सहित नवीकरण गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

लाभग्राहीहरु :

१) मृगौला प्रत्यारोपण गरेका ।
२) डायलासिस गरिरहेका ।
३) क्यान्सर रोग पहिचान भएका (क्यान्सर पहिचान भई उपचार पछि निको भईसकेका तर चिकित्सकले तीन तीन महिना भित्र निरन्तर निगरानीमा राखेका व्यक्ति) र
४) मेरुदण्ड पक्षघातका व्यक्तिहरु (रातो र निलो अपाङ्ग परिचय पत्र बाहक)

आवश्यक कागजातहरु:

- राष्ट्रिय परिचय पत्र नम्बर वा नागरिकताको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी,
- अनुसूची १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस,
- मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको **रातो वा निलो कार्डको** प्रतिलिपी,
- नियमित उपचार गरिरहेको कार्डको प्रतिलिपी
- नेपाल सरकार वा स्वामित्व रहेको संस्थाबाट रोजगारी ,निवित्तिभरण, बिदेशी सरकारबाट रोजगारी /पेन्सन आदी नलिएको स्वघोषणा पत्र ,
- बैंकको चेकको प्रतिलिपि

सहित सम्बन्धित वडा कार्यालयमा अनुसूचि २ बमोजिमको ढाँचामा निबेदन दिनुपर्नेछ र **वडाको सिफारिस सहित सम्पूर्ण कागजात माथागढी गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।**

०८२/४/१
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत